# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ १० गते २०१७ साल

### नेपाल लोक सेवा आयोगको विज्ञापन

स्वास्थ्य तथा स्थानीय स्वायत्त शासन मन्त्रालय, गृह मन्त्रालय, खाद्य कृषि तथा विकास मन्त्रालय र निर्माण संचार तथा नहर मन्त्रालय अन्तर्गत निम्न विभाग तथा अड्डाहरूलाई निम्नलिखिए बमोजिम पदहरू चाहिएका छन् । योग्य उम्मेदवारहरूले यस आयोगको दरखास्त फाराम नं. १। (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित फी दस्तूरसहित निम्नलिखितमितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ । दरखास्त दिंदा आफूले पाएको शुरू देखिको सक्कल प्रमाणपत्रको नक्कल र मार्कशीटको नक्कल-हरू समेत सबै शामेलराखी पेश गर्नु पर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताका दिन साथै लिई आउनु पर्छ। योग्यता पुगेका उम्मेदवारहरूले दरखास्त पेश गरी निम्न-लिखित मितिमा यस आयोगसंग सम्पर्क राख्नु पर्छ। सम्पर्कको दिन उम्मेदवारहरूले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षा वा अन्तर्वार्ताकोनिमित्त अर्को सूचना गरिने छैन। दरखास्तको म्यादको आखिरी दिन धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउनु सूचना गरिन्छ । साधारणतया उम्मे-दवारहरूलाई तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, फी दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै कारवाई हुने छैन । दरखास्त



९४२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइनेछ । एक फारामको निमित्त ने. रू. ।१० पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिए जति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

विज्ञापन नं. २०४

१ स्थान र पद : महेन्द्र आयुर्वेदीय ज्यामरुंग, पाल्पा, रामपुर, वागलुंग, पर्वत राखु, पाल्पा छहरा र थानसिंग औषधालयलाई समेत १।१ गरी जम्मा ५ जना उपवैद्य स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता : श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेद विद्यालयमा पढी आयुर्वेद उपवैद्य वा सो सरह पास ।

३. वांछनीय योग्यता : सरकारी छात्रवृत्तिबाट वा आयुर्वेद मध्यमा पढी पास भएक लाई ग्राह्यता दिइनेछ ।

४ मासिक तलबको स्केल: ०१६—१२—५—को भाग ४ मा अर्थमंत्रालयको सूचनाबमोजिमा तलव हुनेछ । स्थानीय व्यक्ति वाहेक अरू सिफारिश भएमा सरकारी निर्णयबमोजिम भत्ता पाउने ।

५. फी दस्तुर: नगद ने. रू. १। एक

६. दरखास्त आयोगमा आइ पुग्नु पर्ने मिति: ०१७—३—२—४

७. सम्पर्क मिति ०१७—३—६—४ का दिन ४ बजे ।

८. उमेर: सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

विज्ञापन नं. २०५

१. पद र स्थान: इन्जिनीयरिङ्ग स्कूललाई एक जना साइन्स, प्रोफेसर ग्याजेटेड स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता: आप्लाइड मेथमेटिक्स वा फिजिक्समा एम. एस्सी. ।

३. वाञ्छनीय योग्यता: पढाउने काममा दक्ष ।

४. मासिक तलब स्केल: ०१६—१२—५ को भाग ४ मा अर्थमन्त्रालयको सूचना बमोजिम तलव हुनेछ ।

५. अभ्यास अवधि: ६ महीना ।

६. फी दस्तूर नगद ने. रू. ३। तीन ।

७. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति: ०१७—२—७—६

८. सम्पर्क मिति: ०१७—२—१२—४ का दिन ४ बजे ।

९. उमेर: सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन नं. २०६

१. पद र स्थान: श्री महेन्द्र आयुर्वेदीय खजहनी र बैतडी औषधालयलाई समेत २ जना बैद्य स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता: श्री ५ को सरकारबाट स्वीकृत आयुर्बेद विद्यालय वा महाविद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरह पास ।

३. वाञ्छनीय योग्यता: शास्त्री, आचार्य वा सो सरहका सरकारी छात्रभत्ताबाट पढी पास भएकालाई ग्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केल: ०१६-१२—५ को भाग ४ मा अर्थमन्त्रालयको सूचना बमोजिम तलव हुनेछ । स्थानीय ब्यक्ति बाहेक अरू सिफारिश भएमा सरकारी निर्णय वमोजिम भत्ता पाउने ।

५. फी दस्तूर: नगद ने. रू. १। एक

६. दरखास्त आयोगमा आइ पुग्नु पर्ने मिति: ०१७—३—२—४

७. सम्पर्क मिति: ०१७—३ ६—४ का दिन ४ बजे ।

८. उमेर: सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

## विज्ञापन नं. २०७

१. पद र स्थान: श्री त्रिभुवन मोहन आयुर्वेदीय सप्तरी भगवानपुर औषधालयलाई एकजना हाकिम वैद्य स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता: श्री ५ को सरकारबाट स्वीकृत आयुर्वेद बिद्यालय वा महा विद्यालयमा पढी आयुर्वेद मध्यमा वा सो सरह पास ।

३. वाञ्छनीय योग्यता: शास्त्री, आचार्य वा सो सरहका सरकारी छात्रवृत्तिबाट पढी पास भएकालाई ग्राह्यता दिइनेछ ।

४. मासिक तलबको स्केल: २०१६।१२। ५ को भाग ४ मा अर्थमन्त्रालयको सूचना बमोजिम तलव हुनेछ ।

५ फी दस्तूर: नगद ने. रू. १। एक

६. दरखास्त आयोगमा आईपुग्नुपर्ने मिति: ०१७—२—३—४

७. सम्पर्क मिति: ०१७—३—६—४ का दिन ४ बजे ।

८. उमेर: सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पुरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विज्ञापन नं. २०८

१. पद र स्थान: सिंहदरवार मोटर ग्यारेजलाई १३ जना ड्राइभर, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता ड्राइभरको लाइसेन्स पाएको ।
३. वान्छनीय योग्यता: मोटर मरमत गर्न सक्नेलाई ग्राह्यता दिइनेछ ।
४. मासिक तलवको स्केल: ०१६—१२—५ को भाग ४ मा अर्थमन्त्रालयको सूचना बमोजिम तलव हुनेछ ।
५. फी दस्तूर: नगद ने. रू. १। एक
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः ०१७—३—२१—२
७. सम्पर्क मितिः ०१७–३–३०–४ का दिन ४ बजे ।
८. उमेर: सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

विज्ञापन नं. २०९

१. पद र स्थान: चीफ इन्जीनियर पब्लिक वर्क्स विलडिंग विभागलाई एकजना नकर्मी नाइके ।
२. आवश्यक न्यूनतम योग्यता: नकर्मी काममा कमसेकम तीनवर्ष अनुभव प्राप्त गरेको प्रमाणपत्र पेश गर्नुपर्छ । सो अनुभव प्राप्त गरेको प्रमाणपत्र सकभर श्री ५ को सरकारको इन्जीनियरिंग विभागको ग्याजेटेड अफिसर वा सो भन्दा माथिल्लो दर्जाका कर्मचारीबाट पाएको हुनु पर्छ ।
३. वांछनीय योग्यता: काममा विशेष अनुभव भएकोलाई ग्राह्यता दिइनेछ ।
४. मासिक तलवको स्केल: ०१६।१२।५ को भाग ४ अर्थमन्त्रालयको सूचना बमोजिम तलव हुनेछ ।
५. फी दस्तूर: नगद ने. रू. १। एक
६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः ०१७।३।२१।२
७. सम्पर्क मितिः ०१७।३।३०।४ का दिन ४ बजे ।
८. अभ्यास अवधि ६ महीना ।
९. उमेर: सरकारी नोकरीमा वहाल नभएका उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

विज्ञापन नं. २१०

१. पद र स्थान: भेटेरिनरी काठमाडौं स्थानलाई विभिन्न जिल्लामा गई काम गर्ने घुमुवा भेटेरिनरी कम्पाउण्डर २ दुइ जना स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यता: भेटेरिनरी कम्पाउन्डर पास वा कृषि स्कलबाट भेटेरिनरी तर्फ तालीम प्राप्त गरी उत्तीर्ण भएको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वांछनीय योग्यता: भेटेरिनरीमा अनुभव भएकालाई ग्राहचता दिइनेछ ।

४. मासिक तलवको स्केल: ०१६।१२।५ को भाग ४ मा अर्थ मन्त्रालयको सूचना बमोजिम तलव हुनेछ ।

५. अभ्यास अवधि: ६ महीना ।

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति: ०१७।३।२१।२

७. सम्पर्क मिति: ०१७।३।३० का दिन ४ बजे

८. फी दस्तूर: नगद ने. रू. १ एक

९. उमेर: सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. २११

१. पद र स्थान: जी. पी. ओ. (टेलिकम्यूनिकेशन फाँट) लाई २ जना अपरेटर, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता: अंग्रेजीमा ज्ञान भएको र नेपालीमा लेखापढी गर्न सक्ने ।

३. वाँछनीय योग्यता: टेलिकम्यूनिकेशन विषय सम्बन्धी ट्रेनिंग पाएकालाई विशेष ग्राहचता दिइनेछ ।

४. मासिक तलवको स्केल: ०१६।१२।५ को भाग ४ मा अर्थ मन्त्रालयको सूचना बमोजिम तलव हुनेछ ।

५. फी दस्तूर: नगद ने. रू. १। एक

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मिति: ०१७।३।२१।२

७. सम्पर्क मिति: ०१७।३।३२।६ का दिन ४ बजे ।

८. उमेर: सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ ।

## विज्ञापन नं. २१२

१. पद र स्थान: सिंहदरवार बगैंचालाई एकजना फील्ड एसिष्टेन्ट, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यता: एस. एल. सी. पास भै श्री ५ को सरकारबाट स्वीकृत नेपाल या भारतका कुनै एगृकल्चर स्कूलबाट १ वर्ष कृषि विषयमा तालीम लिई पास भएको ।

३. वांछनीय योग्यता: एगृकल्चर विषयमा काम गरिरहेकालाई ग्राहचता दिइने छ ।

४. मासिक तलवको स्केल ०१६।१२।५ को भाग ४ मा अर्थ मन्त्रालयको सूचना बमोजिम तलव हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

186

५. फी दस्तुर: नगद ने. रू. १। एक

६. दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः ०१७।३।२३।४

७. सम्पर्क मितिः ०१७।३।३२।६ का दिन ४ बजे।

८. उमेरः सरकारी नोकरीमा बहाल नभएका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको तथा ३५ वर्ष ननाघेको हुनुपर्छ।

आज्ञाले
खड्गमान मल्ल
सचिव नेपाल लोक सेवा आयोग

## नेपाल लोक सेवा आयोगको सूचना नं. २५६

शिक्षामन्त्रालय अन्तर्गत प. १ नं. रिट्ठे चौर प्रारम्भिक पाठशालालाई १ जना र हेलम्बु नार्बु गाउँ प्रारम्भिक पाठशालालाई एक जना अध्यापक (पण्डित) समेत २ जना प्रारम्भिक शिक्षक चाहिएका छन्। जिल्ला गोस्वारामा यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मदवारहरूलाई क्रमसेक्रम १॥ महीनाको अवधि दिई जिल्लाभर विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न प. १ नं गोस्वारा र पूर्व १ नं. गोस्वारालाई २०१७।१।२२।४ मा लेखि गइसकेकोले इच्छुक योग्य उम्मेदवारहरूले आफूले पाएको प्रमाणपत्र सहित विज्ञापन बमोजिम तोकिएको म्याद भित्र उक्त गोस्वाराहरूमा पुग्ने गरी यस आयोगको दरखास्त फाराम नं १ (२०१०) मा आफ्नो विवरण प्रष्ट भरी फी. दस्तूर नगद ने. रू. १। सहित दरखास्त गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ। अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित गोस्वाराबाटै प्रकाशित हुनेछ। साधारणतया उम्मेदवारहरूलाई तोकिएको न्यूनतम योग्यता नपुगेको, रीत नपुगेको, म्याद नाघी दाखिल भएको तथा फी दस्तूर नभएको दरखास्त उपर कुनै कारवाइ हुने छैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा फी. दस्तूर सहित अड्डाको हाकिमको पनि सिफारिश हुनु पर्छ। दरखास्त फारामको नमूना प्रत्येक हुलाक गद्दी, गौंडा, र गोस्वाराहरूमा पनि पाइनेछ, ।

पदको विवरण यस प्रकार छः—

१. पदः प्रारम्भिक शिक्षक, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः पूर्व मध्यमा उत्तीर्ण

३. वाञ्छनीय योग्यताः स्थानीय उम्मेदवार तथा अंग्रजीमा ज्ञान भएकालाई ग्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केलः प्रचलित स्केल बमोजिम।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. उमेरः सरकारी नोकरीमा बहाल नरहेका उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनु पर्छ ।

आज्ञाले–
खड्गमान मल्ल
सचिव लोकसेवा आयोग

## नेपाल लोकसेवा आयोगको सूचना नं. २६०

निर्माण सञ्चार तथा नहरमन्त्रालय अन्तर्गत धनगढी आकाशवाणीलाई एक जना असिष्टेण्ट अपरेटर चाहिएकोछ । जिल्ला गोस्वारामा यस आयोगको पत्र पुगेको दिन मिति जनाई सो मितिले उम्मेदवारहरूलाई दरखास्त दिना निमित्त कमसेकम १॥ महीनाको अवधि दिई सो म्याद नाघेको तीन दिनमा प्रयोगात्मक परीक्षा हुने भनी जिल्लामा विस्तृत रूपले सार्वजनिक विज्ञापन गर्न सम्बन्धित गोस्वारालाई २०१७।१।२२।४ मा लेखिइ गइसकेकोले इच्छुक योग्य उम्मेदवारहरूले आफूले पाएका प्रमाणपत्र सहित विज्ञापन बमोजिम तोकिएको म्याद भित्र उक्त गोस्वारामा पुग्ने गरी यस आयोगको दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी. नगद ने. रू. १। सहित दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ । प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको कार्यक्रम सम्बन्धित कैलाली कंचनपुर गोस्वाराबाट प्रकाशित हुनेछ । साधारणतया उम्मेदवारलाई तोकिएएको म्युनतम योग्यता नपुगेको, रीत नपुगेको, म्याद नाघी दाखिल भएको तथा फी. दस्तूर नभएको दरखास्त उपर कुनै कारवाई हुनेछैन । सरकारी कर्मचारीहरूले दरखास्त दिंदा फी दस्तूर सहित अड्डाका हाकिमको सिफारिश हुनुपर्छ । दरखास्त फारामको नमूना प्रत्येक, हुलाक गढी, गौंडा, र गोस्वाराहरूमा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

१. पदः असिष्टन्ट अपरेटर, स्थायी तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः अंग्रेजीमा खवर आदान प्रदान गर्न सक्ने ।
३. वाञ्छनीय योग्यताः एस्. एल्. सी. पास भएको तथा स्थानीय उम्मेदवारहरू लाई ग्राह्यता दिइनेछ ।
४. मासिक तलवको स्केलः रू ६०। देखि १०५। सम्म
५. उमेरः सरकारी नोकरीमा वहाल नरहेका उम्मेदवारहरूको उमेर २१ वर्ष पूरा भएको र ३५ वर्ष ननाघेको हुनुपर्छ ।

आज्ञाले–
खड्गमान मल्ल
सचिव लोक सेवा आयोग

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।